# गौरीगञ्ज राजपत्र

गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ९ संख्या : २ (क) (संशोधन) मिति : ३० चैत, २०८२ साल

## भाग- १

### <u>गौरीगञ्ज गाउँपालिकाको सूचना</u>

गौरीगञ्ज गाउँपालिका गाउँसभाको १८औं अधिवेशनले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं. २(क) (संशोधन)

# गौरीगञ्ज गाउँपालिकाको विनियोजन ऐन, २०८२ (पहिलो संशोधन)

गाउँसभाबाट पारित मिति : २०८२/१२/२९

## प्रस्तावनाः

गौरीगञ्ज गाउँपालिकाको आर्थिक बर्ष : २०८२/२०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गौरीगञ्ज गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गौरीगञ्ज गाउँपालिकाको विनियोजन ऐन, २०८२ (पहिलो संशोधन)" रहेको छ।

(२) यो ऐन सभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष : २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष : २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत

खर्च र वित्तीय व्यवस्थाको रकमसमेत गरी जम्मा रकम **रु. ५८,५४,१९,२८२।८८ (अक्षेरुपी अन्ठाउन्न करोड चौवन्न लाख उन्नाइस हजार दुई सय बयासी पैसा अठासी)**⊕ रुपैयाँ मात्रमा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आ.व. २०८२/२०८३ को निमित्त गौरीगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ ।

यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकबाट अर्को एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ ।

---

⊕ *गौरीगञ्ज गाउँपालिका गाउँसभाको १८औं अधिवेशनबाट संशोधन ।*

पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्ने छ ।

## अनुसूची- १

(ऐनको दफा (२) सँग सम्बन्धित)

| सि. नं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँपालिका | | | | |
| २ | | वडा समिति | ५८,५४,१९,२८२.८८ | | - | ५८,५४,१९,२८२.८८ |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावाँ-ब्याज भुक्तानी | - | - | - | |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| **जम्मा रु.** | | | ५८,५४,१९,२८२.८८ | | - | ५८,५४,१९,२८२.८८ |

(अक्षरेपी अन्ठाउन्न करोड चौवन्न लाख उन्नाइस हजार दुई सय बयासी पैसा अठासी मात्र)

*(नोट : गौरीगञ्ज गाउँपालिका विनियोजन ऐन, २०८२ मा उल्लिखित कूल बजेट रु. ५६,८०,७५,४४०।-मा गत आ.व.को कूल अ.ल्या. रकममध्ये विनियोजन हुन बाँकी अ.ल्या. रकम रु. १,७३,४३,८४२।८८ मात्र पूरक बजेटको रुपमा थप गरी विनियोजन ऐन, २०८२ (पहिलो संशोधन) गाउँसभाको १८औं अधिवेशनबाट सर्वसम्मत रुपमा पारित गरिएको छ)*

**आज्ञाले,**

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत